नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौं ।

फोननं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७५/७६
च.नं.:- ५२२

मिति: २०७६/०३/२८

विषयः परिपत्र सम्बन्धमा ।

श्री स्थानीय तहहरु,
(महनगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाहरु सबै)

केही दिन देखि शुरु भएको मनसुनका कारण देशभर भारी बर्षा भई बाढी, पहिरो, डुबान, कटान लगायत प्रकोपका कारणले ठूलो मात्रामा जनधनको क्षति भएको छ । विपद् जोखिमको न्यूनीकरण र रोकथाम गर्न, पिडीतहरुको शिघ्र उद्धार गरी राहत प्रदान गर्न तथा यसको कारणले महामारी फैलन सक्ने अवस्था समेतलाई मध्यनजर गरी उपयूक्त व्यवस्थापन गर्न स्थानीय तहहरुको महत्वपूर्ण भूमीका रहेको व्यहोरा विदितै छ ।
सुरक्षा निकायहरु लगायत नेपाल सरकारका सबै प्रशासनिक संयन्त्रहरु विपद् जोखिम न्यूनीकरण, नियन्त्रण, रोकथाम र व्यवस्थापनका कार्यमा समन्वयात्मक रुपले परिचालित भईरहेका छन् । यसका साथै प्रदेश सरकारका संयन्त्र, गैह्रसरकारी संस्थाहरु तथा नागरिक समाजका व्यक्तिहरु समेत यस कार्यमा परिचालित भएका सूचना प्राप्त भएको छ । यस सन्दर्भमा स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण, रोकथाम, नियन्त्रण, व्यवस्थापन र शिघ्र पुनर्लाभिका लागि देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ :

१. स्थानीय तहका जनप्रतिनिधिहरु, स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरु, स्वयंसेवकहरु, कर्मचारीहरु र स्थानीय वासीहरु स्थानीय तहको खोज तथा उद्धार, राहत र शिघ्र पुनर्लाभिका कार्यमा तत्काल जुट्ने ।

२. जिल्ला विपद् व्यवस्थापन समितिसंग समन्वय गरी पिडीतहरुलाई खाने, बस्ने र औषधोपचारको व्यवस्था स्थानीय तहबाट तत्काल मिलाउने ।

३. बाढीको वहाव खोल्ने लगायतका कार्यमा आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समितिसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

४. खोज तथा उद्धार कार्यमा खटिएका सुरक्षा निकायहरुलाई आवस्यक सहयोग र समन्वय गर्ने ।

५. राहत वितरणमा एकद्वार प्रणाली अवलम्वन गर्ने ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौं।

फोननं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७५/७६
च.नं.:-

६. स्थानीय तहमा कार्यक्षेत्र भएका साझेदार संस्थाहरुसंग समेत यस कार्यको लागि आवश्यक समन्वय गर्ने ।

७. स्थानीय तहको विपद् जोखिमको न्यूनीकरण र व्यवस्थापनको कामलाई सबै स्थानीय तहहरुले उच्च प्राथमिकता दिने ।

८. स्थानीय तहमा हालको बाढी, पहिरो डुबान तथा कटानका कारण पुगेको क्षति र स्थानीय तहले खोज तथा उद्धार, राहत र शीघ्र पुनर्लाभको क्षेत्रमा गरेका कामको प्रगति विवरण दैनिक रुपमा मन्त्रालयको वातावरण तथा विपद् व्यवस्थापन शाखामा पठाउने ।

९. उपरोक्त कामको लागि स्थानीय विपद् व्यवस्थापन कोषको परिचालन गरी कार्य गर्ने

१०. स्थानीय तहको विपद् व्यवस्थापन कोषमा श्रोत साधनको अभाव भए जिल्ला विपद् व्यवस्थापन समितीसंग समन्वय गरी केन्द्रमा अनुरोध गरी पठाउने तथा यसरी रकम अपुग भएको कारणले खोज, उद्धार तथा तत्कालिन राहतमा बाधा पर्ने भएमा कानुन बमोजिम स्थानीय तहको कुनैपनि बजेट शिर्षकबाट खर्च गर्ने व्यवस्था मिलाउने ।

(केदार प्रसाद पनेरु)
सह-सचिव